# चौधौं वार्षिक सामाजिक लेखाजोखा

८ असोज, २०७८

CSIC
आत्मनिर्भर केन्द्र

सर्वाधिकार ©: सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

प्रकाशन मिति : असोज, २०७८

प्रकाशक

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

पो.ब.नं. १९७९०, भूमिघर, धापासी, काठमाडौं, नेपाल

फोन : ९७७-१-४३६०४८६/४३५७००५

फ्याक्स : ९७७-१-४३५७०३३

Email: landrights@csrcnepal.org

URL: www.csrcnepal.org

डिजाइन

**बिक्रम चन्द्र मजुमदार**

bmajumdar33@gmail.com

# चौथौं वार्षिक सामाजिक लेखाजोखा

८ असोज, २०७८

CSRC
आत्मनिर्भर केन्द्र



# सामाजिक लेखाजोखाबारे

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले वि.सं. २०६४ सालदेखि नियमित रूपमा सामाजिक लेखाजोखा गर्दै आएको छ। वार्षिक सामाजिक लेखाजोखामार्फत संस्थाले गरेका काम, उपलब्धि, चुनौती, सिकाइ र वित्तीय अवस्थाबारे समुदायका प्रतिनिधि र सरोकारवालालगायतलाई जानकारी गराई पृष्ठपोषण लिने कार्य भइरहेको छ।

हामीले गर्ने हरेक गतिविधि पारदर्शी र जिम्मेवारीमा जवाफदेही हुनुपर्छ भन्नेमा सदैव सचेत छौँ। सामाजिक लेखाजोखा यही पारदर्शिता र जवाफदेहिताको महत्वपूर्ण थलो हो। यसमा संस्थाले गरेका गतिविधि र त्यसका नतिजामात्रै प्रस्तुत गर्दैनौँ। हामीले काम गर्ने समुदाय, सरोकारवाला निकाय तथा शुभचिन्तक सबैका सुझाव ग्रहण गरी कार्यान्वयन गर्छौँ।

चौधौं वार्षिक सामाजिक लेखाजोखामा सहभागी भएर सुझाव दिनु हुने अतिथिज्यूहरू, सम्पूर्ण आमन्त्रित महानुभाव, संस्थाका सदस्य, पदाधिकारी र कर्मचारी साथीहरूलगायत भर्चुअल माध्यमबाट कार्यक्रममा जोडिनु हुने सबैप्रति हार्दिक आभार व्यक्त गर्छौँ।

## विषयसूची


कार्यक्रमको शुरुवात ........ १
आर्थिक वर्ष २०७७/०७८ का मुख्य उपलब्धिहरू ........ २
आर्थिक प्रगति विवरण ........ ८
आन्तरिक लेखा परीक्षकको प्रस्तुति ........ १३
खुला छलफल ........ १४
अतिथि मन्तव्य ........ १५
धन्यवाद मन्तव्य ........ २१
सहभागीबाट प्राप्त मुख्य सुझावहरु ........ २३



# कार्यक्रमको शुरूवात

**विनोद गौतम**
**जवाफदेहिता तथा सुशासन संयोजक**

आजको सामाजिक लेखाजोखामा आत्मनिर्भर सेवा केन्द्रका अध्यक्ष, कार्यसमिति सदस्यज्यूहरू हामी माझ हुनुहुन्छ। साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी कार्यक्रममा सहभागी हुनुभएका राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य लिली थापा, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहसचिव जनकराज जोशी, पाँचपोखरी थाङ्पाल गाउँपालिकाका अध्यक्ष टाँसी लामा, जुगल गाउँपालिकाकी उपाध्यक्ष सृजना तामाङ, गैरसरकारी संस्था महासंघका अध्यक्ष जीताराम लामा, राष्ट्रिय भूमि अधिकार मञ्च नेपालका महासचिव बलबहादुर तामाङ, त्रिभुवन विश्वविद्यालयका मानवशास्त्र विभाग प्रमुख डा. डम्बर चेम्जोङ, युएन-ह्याबिटाटका कार्यक्रम संयोजक राजाराम छतकुली, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विज्ञ सरिता कार्कीलगायत सहभागी हुनुभएको छ। साथै हामीसँग नजिक रहेर सहकार्य गर्ने, हामीलाई माया गर्ने विभिन्न संस्थाका प्रमुख, प्रतिनिधि, सञ्चारकर्मी र भूमि अधिकारकर्मीहरू यहाँ प्रत्यक्ष र भर्चुअल माध्यमबाट कुल ८५ जना जोडिनुभएको छ। यहाँहरू सम्पूर्णलाई हार्दिक स्वागत गर्छौं।

अब म राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य लिली थापाज्यूलाई पानसमा बत्ती बालेर कार्यक्रम उद्घाटन गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु।

आजको सामाजिक लेखाजोखामा आर्थिक वर्ष २०७७/७८ का मुख्य प्रगति, आर्थिक स्रोत, उपयोगसम्बन्धी परिचर्चा गर्नेछौं। वार्षिक गतिविधिलाई समेटेर तयार गरिएको भिडियो हेर्नेछौं। खुल्ला छलफल गर्नेछौं। र, अतिथि वक्ताहरूको मन्तव्य सुन्नेछौं।



# आर्थिक वर्ष २०७७/०७८ का मुख्य उपलब्धिहरू


**कल्पना कार्की**
निमित्त कार्यकारी निर्देशक


भूमिहीन एवं साना किसानको मर्यादित जीवनको दृढ लक्ष्य बोकेर सामुदायिक आत्मनिर्भर सेवा केन्द्र २७ वर्षदेखि निरन्तर भूमि अधिकारको अभियानमा क्रियाशील छ। भूमिहीन, जोताहा र साना किसानको कृषियोग्य भूमिमा पहुँच र स्वामित्वले संस्थाले लिएको लक्ष्य पूरा हुने महसुस गरेर नै भूमि अधिकारको क्षेत्रमा संस्थागत कामलाई केन्द्रित गर्दै आएको छ।

संस्थाले आफ्नै स्रोत एवं विभिन्न साझेदार संस्थाको सहयोगमा राष्ट्रिय भूमि अधिकार मञ्च, जिल्ला भूमि अधिकार मञ्चहरू, अन्य सहयात्री संस्था र आफ्नै प्रयासमा समुदाय र अन्य निकायसँग मिलेर १ साउन २०७७ देखि ३१ असार २०७८ सम्म गरेको काम र त्यसबाट प्राप्त उपलब्धिहरू यस प्रतिवेदनमा समेटिएका छन्।

भूमिसम्बन्धी ऐनमा संशोधन भई भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई जमिन उपलब्ध गराउने प्रक्रियाको थालनी भएको छ। सरकारले पहिलो पटक भूमि नीति लागू गरेको छ। भू-उपयोग ऐन, २०७६ तर्जुमा भएको छ। यी नीति एवं कानुनको संशोधन एवं तर्जुमा र सोको कार्यान्वयनमा समेत संस्था विभिन्न ढङ्गले संलग्न हुँदै आएको छ। हालसम्म संस्थाको सहजीकरणमा ८१ हजार ७८० परिवारले ७ हजार ६ सय ८६ हेक्टर जमिनमा स्वामित्व कायम गरेका छन्। १० हजार २ सय ५५ दम्पतीले २ हजार ७ सय ८१ हेक्टर जमिनमा संयुक्त पुर्जा बनाई जमिनमा समान अधिकार कायम गरेका छन्।

## १. भूमि–कृषि आन्दोलनको समग्र सुदृढीकरण र विस्तार

१.१ संस्थाको प्रत्यक्ष एवं केन्द्रित कार्यक्रम सञ्चालन भएका स्थानीय तहमा भूमि अधिकार मञ्चको समुदाय र स्थानीय तहको संगठन सुदृढीकरणमा सहयोग गरिएको छ। स्रोत सामग्री प्रकाशन, अगुवा कार्यकर्ता भेला, नीतिगत बहसका माध्यमबाट भूमि-कृषिका सवालमा विभिन्न तहमा निरन्तर वकालत गरिएको छ।

१.२ सहभागितामूलक विधि एवं प्रक्रियाको विकास गरी ७ प्रदेशको १४ स्थानीय तहलाई भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन, सत्यापन, प्रमाणीकरण र प्रविष्टीकरणका लागि स्थानीय र बाह्य स्रोत व्यक्ति उपलब्ध गराउनुको साथै नियमित समीक्षा भइरहेको छ। यसबाट १७ हजार ३ सय ३८ भूमिहीन र ७४ हजार १ सय ९९ अव्यवस्थित बसोबासीको लगत संकलन गरेका छन्।

१.३ भूमिसम्बन्धी ऐन, २०२१ को आठौं संशोधन, भूमिसम्बन्धी नियमहरू (अठारौं संशोधन), भूमिसम्बन्धी समस्या समाधान आयोगको गठन आदेश र कार्यविधिहरूबारे ३१ जिल्लामा जिल्लास्तरीय भेला एवं अभिमुखीकरण भयो। यी अभिमुखीकरणमा १ हजार ८९० (७९० महिला र १ हजार १०० पुरुष) सहभागी थिए। यसबाट अगुवाहरूले नयाँ कानुनी प्रावधानबारे जानकारी प्राप्त गरी पुनः समुदाय तहमा छलफल चलाएका थिए। भूमिसम्बन्धी समस्या समाधान आयोगको जिल्ला समिति र स्थानीय तहसँग समन्वय र सहकार्य गर्न मद्दत पुगेको थियो।

१.४ कर्णाली, सुदूरपश्चिम, लुम्बिनी र प्रदेश २ प्रदेशसभाका सदस्य, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका मन्त्री एवं सरकारी अधिकारी र मुख्य सरोकारवालाबीच प्रदेशस्तरीय छलफल भयो। भूमिसम्बन्धी सङ्घीय नीति र कानुन र प्रदेशको भूपरिवेश एवं सवालमा छलफल भयो। कार्यक्रममा छलफल भएअनुरुप आ.व. २०७८र७९ को नीति तथा कार्यक्रममा प्रदेशस्तरीय भूउपयोग योजना तर्जुमा, भू-तथ्याङ्क संकलन, दिगो कृषि विषयले प्राथमिकता पाएका छन्। यी कार्यक्रम सम्बन्धित मन्त्रालयसँगको सहआयोजनामा भएका थिए।

१.५ दाङको गढवा, धनुषाको सबैला र झापाको गौरादहमा सञ्चालित १४ वटा भूमि कृषि सिकाइ केन्द्रका २३० सहभागीहरूले आफ्नो समुदायका भूमि र कृषिको परिवेश बुझ्ने र सम्बन्धित विषयमा भएका नीति र कार्यक्रमबारे अन्तरक्रिया गर्ने अवसर पाए। भूमिलगायतका स्रोतमा पहुँच अभिवृद्धिका साथै दिगो कृषिको अभ्यासमा सचेतता अभिवृद्धि भएको छ। लघुवित्तबाट ऋण लिने क्रम घट्दो छ। सहकारीमा सङ्गठित भई बचतलाई निरन्तरता दिएका छन्। स्थानीय तह र प्रदेश सरकारको कार्यक्रमअन्तर्गत सेवा तथा बजेट प्राप्त गरेका छन्।

## २. भूमि–कृषि सवालमा ज्ञान निर्माण, कार्यगत अनुसन्धान र प्रकाशन

२.१ मोही जग्गा बाँडफाँडको स्थिति र बेदर्ताका मोहीको अवस्थाबारे अध्ययन भई प्रतिवेदन प्रकाशित भएको छ।



२.२ भूमिसँग सम्बन्धित सम्पूर्ण नीति र कानुनको मिहिन ढङ्गले समीक्षा एवं विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ। जसमा विद्यमान कानुनमा रहेका असल र सुधार गर्नुपर्ने पक्षहरू पनि उल्लेख गरिएको छ।

२.३ हरुवा चरुवा समुदायको गरिबी र जलवायु परिवर्तनबारे धनुषा जिल्लाको धनौजी गाउँपालिकामा अध्ययन गरी सोको प्रतिवेदन प्रकाशित गरिएको छ। फोरम एसियासँगको सहकार्यमा भएको यस

अध्ययनबाट गरिबीमा बाँचिरहेका हरुवा चरुवाको जीविकोपार्जनमा जलवायु परिवर्तनले अझै चुनौती थपेको पाइएको छ।

२.४ चितवन र बर्दिया राष्ट्रिय निकुञ्जलाई आधार बनाई त्यहाँका बसोबासीहरूको भूमि अधिकारबारे एमनेष्टी इन्टरनेसनलसँगको सहकार्यमा संरक्षणका नाममा मानव अधिकार उल्लङ्घन अध्ययन प्रतिवेदन प्रकाशन भएको छ। यो प्रतिवेदनले निकुञ्ज वरपरका भूमिहीन र साना किसानले भोग्नु परेका अन्याय र आर्थिक, सामाजिक एवं साँस्कृतिक अधिकार उल्लङ्घनका विषयलाई उजागार गरेको छ। अध्ययन प्रतिवेदनले देखाएको तथ्य र घटनाहरू चासोको साथ मिडियामार्फत बाहिर आएका छन्।

२.५ भूमि अधिकार पत्रिका, वार्षिक प्रतिवेदन, सामाजिक लेखाजोखालगायतका प्रकाशनहरू नियमित रुपमा भइरहेका छन्। समुदाय र स्थानीय तहमा गरिएका परिवेश विश्लेषणका सामग्रीहरू प्रकाशन र वितरण पनि गरिएका छन्।

## ३. भूमि–कृषि सम्बन्धी नीतिगत बहस र सुशासन प्रवर्द्धन

३.१ स्थानीय तहका प्रमुख एवं प्रतिनिधिहरूसँग सहभागीमूलक योजना तर्जुमाको महत्व र प्रक्रिया, भूमि र कृषिसम्बन्धी स्थानीय तहको अधिकार र नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने विषयबारे स्थानीय तहहरूसँग अन्तरक्रिया भएको छ। कार्यक्रममा सहभागी अधिकांश स्थानीय तहले वार्षिक कार्यक्रम र बजेटमा भूपरिवेश विश्लेषण, भूउपयोग योजना तजर्द्रमा र दिगो कृषिको कार्यक्रम समावेश गरेका छन्।

३.२ भूउपयोग ऐन २०७६, भूमिको दिगो उपयोग, प्रकोप न्यूनीकरण, सुरक्षित आवास र खाद्य सुरक्षाका लागि निकै महत्वपूर्ण छ। यसो भएकाले संस्थाले स्थानीय तहलाई भूउपयोग योजना तर्जुमामा उत्प्रेरित गर्ने, विज्ञ जनशक्ति उपलव्ध गराउने आदि कार्य गर्दै आएको छ। यस अवधिमा बेलका नगरपालिका, पाँचपोखरी थाङपाल र जुगल गाउँपालिकाको भूउपयोग सोचपत्र तर्जुमा भएको छ। ६ वटा स्थानीय तहले भूउपयोग योजना तर्जुमा कार्य अघि बढाएका छन्।

३.३ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तर्जुमा गरेको पहिरोबाट प्रभावित समुदाय तथा स्थानको भौगर्भिक अध्ययनसम्बन्धी निर्देशिका तयार कार्यमा सहयोग पुऱ्याइएको छ। उक्त निर्देशिका स्वीकृत भई कार्यान्वयनमा आएको छ।

३.४ गढवा गाउँपालिका दाङको कृषि प्रवर्द्धन एवं किसान सशक्तीकरण ऐन २०७७ तर्जुमा कार्यमा संस्थाले सहजीकरण गरेको थियो। समुदाय तथा पदाधिकारी तहमा सहभागितामूलक प्रक्रियाबाट छलफल गरी तयार गरिएको ऐन गाउँ सभाले पारित गरी कार्यान्वयनमा ल्याएको छ। उक्त ऐनलाई नमुनाको रुपमा अन्य स्थानीय तहमा पनि उपलव्ध गराइएको छ।

३.५ संस्थाले आवश्यकताअनुसार राज्य वा अन्य पक्षको भूमि र कृषि नीति तथा कार्यक्रमको समीक्षा, आलोचना एवं वैकल्पिक उन्नत र प्रगतिशील नीति तथा कार्यक्रम प्रस्तुत गर्दै आएको छ। यसै सन्दर्भमा नेपाल सरकारले ल्याएको बजेटमा भूमि र कृषिका सम्बन्धमा विज्ञहरूबाट विश्लेषण र छलफल गर्ने कार्य गरियो। र सो बहसलाई अभिलेखन गरी सरोकारवालालाई उपलब्ध गराइएको छ।



## ४. दिगो कृषि, कृषि सहकारी र सुरक्षित जीविका प्रणालीको विकास

४.१ दाङ तथा धनुषाका २७६ भूमिहीन परिवारले २१.५ हेक्टर बाँझो जमिनमा खेती गरी विभिन्न तरकारी तथा खाद्यान्न उत्पादन गरी उपयोग गरेका छन् । यसबाट उक्त भूमिहीन तथा साना किसान परिवारको खाद्य सुरक्षाको साथै आम्दानीमा वृद्धि भएको छ ।

४.२ वैकल्पिक उद्यम मोडल प्रवर्द्धन गर्ने उद्देश्यले झापाको गौरादह, धनुषाको सबैला र दाङको गढवा गाउँका भूमिहीन तथा साना किसानहरूलाई सहकारी र स्थानीय उत्पादनको बजारीकरणबारे तालिम गरियो । र, व्यावसायिक योजना तर्जुमामा सघाइएको छ ।

४.३ हेलम्बु गाउँपालिकाको तेम्बाथाङ र नोर्बुलिङ एकीकृत बस्तीका ४० परिवारको जीविकोपार्जनमा सहयोग गरिएको छ ।

४.४ भूमिहीन तथा साना किसान परिवारको उत्थान हुने गरी कृषि सहकारी प्रवर्द्धन गर्ने उद्देश्यअनुरुप संस्थाले ८ वटा सहकारीलाई सघाइरहेको छ । ती सहकारीमा ८७२ भूमिहीन तथा सानाकिसान आबद्ध भएका छन् ।

## ५. भूमि-कृषि सवालको विश्वव्यापी आन्दोलन र सञ्जाल सुदृढीकरणमा योगदान

५.१ गरिबीको अन्त्य, सामाजिक न्याय, समानता र विश्व शान्तिको उद्देश्यले एकता परिषद्ले संयोजन गरेको जय जगत अभियानमा नियमित रुपमा सहभागी भई अनुभव आदान-प्रदान र ऐक्यबद्धता प्रस्तुत गरिएको छ । यसै सन्दर्भमा राष्ट्रियस्तरमा अहिंसात्मक अर्थतन्त्रबारे बहस कार्यक्रमको आयोजना गरियो । त्यसैगरी नेपाली महिलाको भूमि अधिकार विषयमा अन्तर्राष्ट्रिय मञ्चमा अनुभव आदान-प्रदान भएको छ । विश्वव्यापी अभियानहरू दि मिल, विश्व शान्ति दिवस आदि कार्यक्रममा पनि सहभागिता रहेको छ ।

५.२ अन्तर्राष्ट्रिय भूमि सञ्जालले आयोजना गरेको एसिया ल्याण्ड फोरममा सहभागी भई नेपालको तर्फबाट सरकारी जमिनको कब्जाबारे केसस्टडी प्रस्तुत गरिएको छ ।

५.३ किसानको हितविपरीत जारी गरेका ऐन तथा कानुनविरुद्ध भारतका किसानले गरेको आन्दोलनबारे छलफल, प्रेस विज्ञप्ति, र्‍याली तथा सामाजिक सञ्जालमार्फत ऐक्यबद्धता जनाइएको छ । लेखहरू प्रकाशन भएका छन् ।

## ६. विपद् व्यवस्थापनमा पहल

६.१ पाँचपोखरी थाङ्पाल र जुगल गाउँपालिमा भौगर्भिक अध्ययन र सङ्कटासन्न क्षमता विश्लेषणबाट पहिचान भएका अति जोखिमयुक्त ३१ वटा बस्तीको पहिचान गरी स्थानीय तहसँगको लागत साझेदारीमा मानव बस्तीको

जोखिम न्यूनीकरणमा परियोजनाको तर्फबाट ६० लाखसहित जम्मा १ करोड १० लाखको लागतमा साना अल्पीकरणका कार्यक्रमहरू सम्पन्न भएका छन् ।



६.२ जुगल गाउँपालिकाको लिदी पहिरोबाट प्रभावित ३० परिवारलाई अस्थायी आवासका लागि प्रतिपरिवार २/२ बण्डल जस्तापाता उपलव्ध गराइएको छ ।

६.३ मेलम्ची नदीमा आएको बाढीबाट घरजग्गा एवं व्यवसाय गुमाएका अति विपन्न २१० परिवारलाई स्थानीय तहको समन्वयमा खाद्य भौचर उपलब्ध गराइयो । यसैगरी अति जोखिममा परेका ४६ गर्भवती महिला र ८ ज्येष्ठ नागरिकलाई पोषण भौचर उपलब्ध गराइयो । यस सहयोगबाट ५५१ महिलासहित १ हजार ३८ जना प्रत्यक्ष लाभान्वित भएका छन् ।

६.४ हेलम्बु गाउँपालिकामा बाढीबाट विस्थापित अति विपन्न २० परिवारलाई अस्थायी घर निर्माण गरी हस्तान्तरण गरिएको छ । सोही गाउँपालिकाका ३० परिवारलाई सोलार लाइट र प्रतिघरधुरी ७ हजार ५ सय नगद प्रदान गरिएको छ ।

६.५ भोटेकोशी गाउँपालिका र बाह्रबिसे नगरपालिकाको भौगर्भिक अध्ययन कार्यमा स्थानीय तहलाई सहयोग उपलव्ध गराइएको छ ।

## ७. कोभिड रोकथामको पहल



७.१ कोभिड सङ्क्रमित भई अस्पताल भर्ना भई उपचार गराएका १५ जना भूमिअधिकार मञ्चका अगुवा सदस्यहरूलाई उपचार तथा यातायात खर्चको लागि प्रतिव्यक्ति २० हजारका दरले सहयोग गरियो ।

७.२ आइसोलेसन सेण्टर व्यवस्थापन, अक्सिजन प्लान्ट स्थापना आदिको लागि ६ वटा स्थानीय तहलाई प्रतिस्थानीय तह १ लाख रुपैयाँका दरले सहयोग उपलब्ध गराइयो । त्यस्तै पाँचवटा स्थानीय तहलाई १० वटा अक्सिजन सिलिण्डर र १२ हजार सर्जिकल मास्क सहयोग गरियो ।



७.३ प्राकृतिक प्रकोप तथा कोभिड-१९ का कारणबाट सिर्जित समस्याको उद्धार गर्नका लागि हेलम्बु गाउँपालिकालाई १५ थान स्ट्रेचर सहयोग गरिएको छ। उक्त सहायताले स्थानीय तहका अति जोखिममा परेका तथा बाढी र कोरोनाबाट प्रभावित परिवारको उद्धारमा सहयोग पुगेको छ।

७.४ जुगल गाउँपालिकाले सञ्चालन गरेको कोभिड आइसोलेसन केन्द्रको व्यवस्थापनका लागि अक्सिजन कन्सन्ट्रेटर २ थान र १ थान जेनेरेटर उपलब्ध गराइएको छ।

७.५ मेलम्ची नगरपालिले गरेको कोभिड रोकथाम प्रतिकार्यमा सहयोग पुऱ्याउन अक्सिजन कन्सन्ट्रेटर १ थान, साधारण बेड ५ सेट, आईसीयू बेड ३ सेट, अक्सिजन सिलिण्डर १० थान सहयोग गरिएको छ।

## ८. संस्थागत विकास र सुशासन

८.१ संस्थाको सामाजिक लेखाजोखा र सहभागितामूलक समीक्षा नियमित गरिएका छन्। लैङ्गिक तथा सामाजिक समावेशिता लेखाजोखा सम्पन्न भई प्रतिवेदन र कार्ययोजना तयार भएको छ।

८.२ विभिन्न तहमा कार्यरत कर्मचारीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम तथा क्षमता विकासका अवसर पाइरहेका छन्। यसबाट साझेदार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग अनुभव आदान प्रदान भई संस्थागत विकासमा समेत सहयोग पुगेको छ।

## आ.व. २०७८/७९ को कार्यक्रम

### आगामी प्राथमिकता

१. संस्थाको रणनीति पत्रअनुसार तर्जुमा गरिएको विस्तृत कार्ययोजनालाई कार्यान्वयन गरिनेछ।

२. ७ प्रदेशका छनौट भएका १४ स्थानीय तहको भू-परिवेश विश्लेषण, भू-उपयोग योजना तर्जुमाको कार्यलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ।

३. भूमि अधिकार आन्दोलनको सहभागितामूलक र आलोचनात्मक समीक्षा गरी जनसङ्गठनको सवलीकरणमा विशेष जोड दिँदै अधिकार प्राप्तिको कार्यलाई सघन बनाइनेछ।

४. कार्यमूलक अनुसन्धान कार्य बढाई तीनवटै सरकारको तहमा वकालतको कार्यलाई प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ।

५. भूमिसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका आन्दोलनमा ऐक्यबद्धता र सहभागिता वृद्धि गरिनेछ।

६. भूमि-कृषि सिकाइ केन्द्र, भूउपयोग र दिगो कृषिका कार्यहरू स्थानीय तहसँग मिलेर सञ्चालन गरिनेछ।



# आर्थिक प्रगति विवरण


## गीता पण्डित
**अपरेशन संयोजक**


सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, भूमि अधिकारको अभियानमा करिब ३ दशकदेखि क्रियाशील छ। संस्थाले भूमि अधिकारबाट वञ्चितहरूको सचेतीकरण र सङ्गठन, प्रगतिशील भूमि-कृषि व्यवस्थाको पक्षमा जनमत निर्माण र कार्यगत अनुसन्धानका आधारमा नीतिगत पैरवी गर्दै आएको छ। संस्थाले विगतदेखि नै संस्थाको विधान, आवधिक रणनीति, आर्थिक व्यवस्थापन नियमावली र संस्थागत सुशासन नीतिका आधारमा आर्थिक एवं मानवीय स्रोत व्यवस्थापन गरिरहेको छ।

संस्थामा ११ महिला र १४ पुरुष गरी २५ जना कर्मचारी कार्यरत छन्। संस्थाले आर्थिक वर्ष २०७७/०७८ मा विभिन्न ९ साझेदार संस्थाबाट १३ वटा कार्यक्रम सञ्चालनका लागि आर्थिक सहयोग प्राप्त गरेको थियो। कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि ७ करोड ८८ लाख ६६ हजार ४५३ रुपैयाँ २४ पैसा प्राप्त भएकोमा ७ करोड ५१ लाख ८५ हजार ४४४ रुपैयाँ ०३ पैसा (९५.३३%) बजेट उपयोग भएको छ भने मौज्दात ३६ लाख ८१ हजार ९ रुपैयाँ २१ पैसा आ.व. २०७८/०७९ का लागि उपयोगमा ल्याइएको छ। (विस्तृत अनुसूची-१)

यस आर्थिक वर्षमा कार्यक्रमतर्फ ५ करोड ८९ लाख ३ हजार ३२६ रुपैयाँ ७७ पैसा (७४%), मानव संसाधन व्यवस्थापनतर्फ ९८ लाख २२ हजार ६६५ रुपैयाँ (१४%), कार्यालय व्यवस्थापन ४१ लाख ७५ हजार ८४३ रुपैयाँ ४२ पैसा (६%) र फिल्ड यातायात तथा व्यवस्थापनतर्फ २२ लाख ८३ हजार ६०८ रुपैयाँ ८४ पैससा (३%) गरी जम्मा खर्च ७ करोड ५१ लाख ८५ हजार ४४४ रुपैयाँ ०३ पैसा (९५.३३%) भएको छ। (अनुसूची- २)

संस्थाको आन्तरिक कोष तथा सम्पत्तितर्फ आ.व. २०७७/७८ मा ७३ लाख २५ हजार १६२ रुपैयाँ ९५ पैसा आम्दानी भएकोमा १२ लाख ७६ हजार ४७४ रुपैयाँ खर्च भई ६० लाख ४८ हजार ६८८ रुपैयाँ ९५ रुपैयाँ बचत भएको छ। (अनुसूची- ३)

यस आ.व. २०७७/७८ सम्ममा संस्थाको स्थिर सम्पत्ति २ करोड ३६ लाख ७८ हजार ९१३ रुपैयाँ २३ पैसा रहेको छ। जसमध्ये १ करोड १० लाख रुपैयाँ मुद्दती खातामा छ।

भूमि-कृषि अभियानको रणनीति-पत्र (सन् २०२०-२५) मा उल्लेख कार्यक्रमहरू सञ्चालनका लागि उक्त रणनीति-पत्रमा प्रस्तावित स्रोत व्यवस्थापन कार्यनीतिहरूलाई दृढतापूर्वक कार्यान्वयन गरिनेछ। संस्थाको आ.व. २०७८/७९ का ५



करोड ७४ लाख ३२ हजार ८४५ रुपैयाँ अनुमानित बजेट अनुमोदनका लागि पेस गरेको छु। (अनुसूची- ४)

सम्पूर्ण कर्मचारीको दुर्घटना एवं स्वास्थ्योपचार बिमा गरिएको छ। श्रम ऐनअनुरूप हुनेगरी मानव स्रोत व्यवस्थापन नियमावली र वित्त व्यस्थापन नियमावली संशोधन गरी लागू गरिएको छ। संस्थाको लेखापरीक्षण प्रतिवेदनलाई वेभसाइटमार्फत सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

उपरोक्त वित्तीय विवरण समयमा नै बनाउने व्यवस्थापन समूह, निर्धारित कार्यक्रमहरू समयमा नै सञ्चालन गर्न खटिने सम्पूर्ण कर्मचारी साथीहरू, संस्थाको उद्देश्य पूरा गर्न आर्थिक सहयोग गर्ने सहयोगी संस्थाहरू, कार्यक्रम सञ्चालन गर्दा अनुमतिलगायत महत्वपूर्ण सहयोग गर्ने नियमनकारी निकायहरू, लेखा समिति, लेखापरीक्षण प्रतिवेदन तयार गरी महत्वपूर्ण सुझाव प्रदान गर्ने आन्तरिक एवं बाह्य लेखापरीक्षक सबैलाई धन्यवाद।

## अनुसूची– १ : आ.व. २०७७/७८ को बजेट र उपयोगको अवस्था

| सहयोगी संस्था/ कार्यक्रम | प्राप्त रकम रू. | खर्च रकम रू. | मौज्दात रकम रू. |
|---|---|---|---|
| पिपुल इन निड | | | |
| दिगो समाधान (Durable Solution II) | १,०१,४६,४३१.४० | १,०१,४६,४३१.४० | - |
| प्रतिबद्ध (Pratibaddaa ) | २३,०२,२९८.६४ | २७,३८,५३२.८४ | -४,३६,२३४.२० |
| आईआईईडी भूमि-कृषि अभियान (Empowering Rural Producers in Commercial Agriculture-EPIC) | १,१०,८५,१३९.४० | १,०१,११,२६७.९५ | ९,७३,८७१.४५ |
| अन्तर्राष्ट्रिय भूमि सञ्जाल | | | |
| राष्ट्रिय सङ्लग्नता रणनीति (National Engagement Strategy NES) | १,३२,९६,१५४ | १,४३,८९,२८५ | -१०,९३,१३१ |
| प्रतिबद्धतामा आधारित पहलहरू (Commitment Based Initiatives) | ३०,०९,६३३.०५ | २८,२८,६१८.५० | १,८१,०१४.५५ |
| सामुदायिक भूमि अधिकारका लागि पहल (CLPI) | ९,४७,५७०.७५ | ९,४७,५७०.७५ | - |
| केयर नेपाल | | | |
| भूमि अधिकार अभियान, (ESC-MAFAR) | ३७,४५,४५०.३४ | ३७,५३,७९४.०० | -८,३४३.६६ |



# आर्थिक प्रगति विवरण

| सहयोगी संस्था/ कार्यक्रम | प्राप्त रकम रू. | खर्च रकम रू. | मौज्दात रकम रू. |
|---|---|---|---|
| भू-उपयोग योजना (Land Use Plan ) | २,५९,९९,६९२.२६ | २,२८,७१,६२४.०० | ३१,२८,०६८.२६ |
| यूएन- ह्याबिटाट<br>उद्देश्य सापेक्षित भूमिसुधार कार्यक्रम (Fit-For-Purpose Land Administration Strategy) | ३६,०९,२८०.०७ | ३४,३४,८६३.३२ | १,७४,४१६.७५ |
| फाउन्डेसन दि फ्रान्स (FDF)<br>भूउपयोग र जीविकोपार्जन कार्यक्रम (Land and Livelihood initiatives) | ३६,७५,०१३.०० | ३६,७५,०१३.०० | - |
| फ्रिडम फन्ड<br>वकालतीय प्राविधिक सहयोग कार्यक्रम (Advocacy Technical Assistance Project) | १९,४४४.२७ | १९,४४४.२७ | - |
| माइक्रो क्रेडिट टु मदर्स<br>महिला सहकारीलाई अनुदान<br>सहयोग (Support to Women-led cooperatives) | ८,३१,९११.८६ | २९,३१९.०० | ८,०२,५९२.८६ |
| वाइल्ड गेन्जन फाउन्डेसन<br>चेन्ज द गेम एकाडेमी प्रोग्राम (Change the Game Academy Programme) | १,९८,४३४.२० | २,३९,६८०.०० | -४१२४५.८० |
| जम्मा | ७,८८,६६,४५३.२४ | ७, ५१,८५,४४४.०३ | ३६,८१,००९.२१ |

परियोजनाको अवधि फरक फरक रहेकाले आ.व. २०७७/७८ मा मौज्दात रहेको रकम आ.व. २०७८/७९ मा ३६,८१,००९.२१ रकमान्तर भई कार्यक्रम सञ्चालन भइरहेका छन् । साथै २०७८ असार मसान्तमा तिर्न बाँकी रकम रु १५,७८,९५४.६६ (सामार्थ्य, प्रतिबद्ध, राष्ट्रिय सङ्लग्नता रणनीति र चेन्ज द गेम एकाडेमी) परियोजनाबाट सो समयमा प्राप्त नभएकाले मौज्दात रकम ऋणात्मक देखिएका छन् ।



## अनुसूची २ : बजेट उपयोगको अवस्था

| कार्यक्रम खर्चहरू | खर्च रू. | प्रतिशत |
|---|---|---|
| रणनीतिक प्राथमिकता १ : भूमि-कृषि आन्दोलनको समग्र सुदृढीकरण र विस्तार | ९६,९१,५७५.०० | १३% |
| रणनीतिक प्राथमिकता २ : भूमि-कृषि सवालमा ज्ञान निर्माण, कार्यगत अनुसन्धान र प्रकाशन | ५२,९०,५८९.७७ | ७% |
| रणनीतिक प्राथमिकता ३ : भूमि-कृषि सम्बन्धी नीतिगत बहस र सुशसन प्रवर्द्धन | ९७,५१,१०३.०० | १३% |
| रणनीतिक प्राथमिकता ४ : दिगो कृषि, कृषि सहकारी र सुरक्षित जीविका प्रणालीको विकास | १,७०,६२,८०८.०० | २३% |
| पुनर्निर्माण (विपद् व्यवस्थापनसमेत) | १,६१,८०,९८२.०० | २२% |
| अनुगमन र मूल्याङ्कन | ९,२६,२६९.०० | १% |
| जम्मा | ५,८९,०३,३२६.७७ | ७८% |
| कार्यक्रम व्यवस्थापकीय खर्चहरू | | |
| मानव संसाधन खर्चहरू | ९८,२२,६६५.०० | १३% |
| कार्यालय व्यवस्थापन र साधारण खर्चहरू | ४१,७५,८४३.४२ | ६% |
| यातायात, भ्रमण तथा दैनिक भ्रमण खर्च | २२,८३,६०८.८४ | ३% |
| जम्मा व्यवस्थापन | १,६२,८२,११७.२६ | २२% |
| **कुल जम्मा खर्च** | ७,५१,८५,४४४.०३ | १००% |

# आर्थिक प्रगति विवरण

## अनुसूची– ३ : संस्थाको आन्तरिक कोष तथा सम्पत्तितर्फ आम्दानी र खर्च

| आम्दानीतर्फ | रकम रू. | खर्चतर्फ | रकम रू. |
|---|---|---|---|
| सदस्यता नवीकरण शुल्क | ८,०००.०० | संस्था नवीकरण खर्च | ४,३००.०० |
| ग्लोबल गिभिङबाट सहयोग | ३८,३५५.७८ | सम्पत्तिमा ह्रासकट्टी | ६७,०४२.०० |
| ओभरहेड आम्दानी | ३,६५,६२५.८२ | बैङ्क चार्ज | ८६०.०० |
| विदेशी मुद्रा सटही दर वृद्धिबाट प्राप्त | १,५४,६५४.३० | मञ्चको घर निर्माणमा सहयोग | १,००,०००.०० |
| हरुवा चरुवा समुदायको गरिबी र जलवायु परिवर्तनको असर सम्बन्धी अध्ययन (फोरम एसिया) | ११,०४,२७२.०० | अध्ययन खर्च | ११,०४,२७२.०० |
| ब्याज आम्दानी (मुद्दती खाता ) | ९,०८,२३५.३९ | | |
| विविध (व्यक्तिगत सहयोग, चन्दा आदिबाट ) | २४,८७,५७५.३५ | | |
| सवारी साधन परिचालन | ४,३६,२७०.४१ | | |
| मानव स्रोत परिचालनबाट रकमान्तर | १२,१२,८६१.८३ | | |
| सामग्री लिलाम | १०,०००.०० | | |
| परियोजना सम्पन्न भई बाँकी बजेट अनुमति लिई आम्दानी बाँधिएको | १,७०,०३०.०७ | | |
| आपतकालीन कोषका लागि चन्दा संकलन | ४,२९,२८२.०० | | |
| **जम्मा रकम** | ७३,२५,१६२.९५ | **जम्मा खर्च** | १२,७६,४७४.०० |



# आन्तरिक लेखा परीक्षकको प्रस्तुति


**प्रतिश शाक्य**

चार्टर्ड एकाण्टेण्ट, प्रधान एण्ड शाक्य एसोसिएट


विगत चार वर्षदेखि हामीले सामुदायिक आत्मनिर्भर केन्द्रको लेखापरीक्षण गर्दै आइरहेका छौं। ६/६ महिनामा गरी दुई चरणमा आन्तरिक लेखापरीक्षण गर्ने गरेका छौं। यस वर्ष पनि पहिलो चरणमा साउनदेखि पुससम्म र दोस्रो चरणमा माघदेखि असारसम्म गर्‍यौं। ५ जना लेखापरीक्षक संलग्न भएका थियौं।

यस क्रममा हामीले पहिलो चरणमा आत्मनिर्भर केन्द्रको व्यवस्थपन टिमसँग छलफल गर्‍यौं। कार्यक्रमको विवरण लियौं। समीक्षा गर्‍यौं।

अघिल्लो वर्षहरूको लेखापरीक्षणको सुझाव समीक्षा गरेका थियौं। अघिल्लो वर्ष सपोर्टिङ डकुमेण्ट नपुगेको विषयमा केही सुझावहरू दिएका थियौं। संस्थाले सबै सुझावहरूलाई कार्यान्वयन गरेको छ। र यस वर्ष पनि सामान्य गल्ती कमजोरीहरू देखेर सुझाव दिएका थियौं त्यो पनि आजसम्ममा सबै पूरा गरिसकेको पायौं। ठूलो कमजोरी नभई सपोर्टिङ डकुमेण्टहरू नपुगेका खालमा मात्र हुन्। संस्थाको लेखा प्रणाली राम्रो छ।

आन्तरिक सुशासन प्रणाली राम्रो छ। आर्थिक गतिविधि संस्थाको वेभसाइटमार्फत सार्वजनिक गर्ने गरेको छ। सबै डकुमेण्टहरू अपडेट गरी राख्ने प्रणाली राम्रो छ। कुनै समस्या हुँदा व्यवस्थापन टिम संवेदनशील भएर नै लाग्ने र त्यसलाई समाधान गर्ने गरेको हामीले देख्यौं। सरकारको वित्तीय नीति पालना गरेको देखिन्छ। आन्तरिक लेखापरीक्षणमा सबै कुरा राम्रो देखिन्छ।



# खुला छलफल

## उद्धव अधिकारी
**संयोजक खाद्यका लागि कृषि अभियान**

यो संस्थाले वार्षिक सामाजिक लेखाजोखालाई नियमित रुपमा गरेकोमा ज्यादै खुसी लाग्छ। गैससहरूप्रति मानिसहरूको बुझाई गलत छ। त्यस्ता टिप्पणी नआउने गरी यो संस्थाले पारदर्शी ढङ्गले कार्यक्रमहरू गर्दै अघि बढेको छ। यस्तो कार्य राम्रो हो र अन्य संघ संस्थाले पनि सिकाइ लिनुपर्छ।

## माधव श्रेष्ठ
**सुशासन तथा जवाफदेहिता विज्ञ, केयर नेपाल**

यो संस्थाले हरेक वर्ष लेखाजोखा गर्छ। यसले आफूलाई पारदर्शी र जवाफदेही हुन मद्दत गरेको छ। यस कार्यको हामी प्रशंसा गर्छौं।

यहाँ आर्थिक प्रतिवेदन प्रस्तुति गर्ने क्रममा आन्तरिक स्रोतको कुरा पनि देखाउनु भयो। त्यो आन्तरिक बजेटको स्रोतबारे पनि विस्तृतमा खुलाइदिनु भएको भए बुझ्न सजिलो हुने थियो।

संस्थाले गरेको कामबाट भूमिहीनहरूको जीवनमा के कति परिवर्तन आयो ? उनीहरूको जीविका कस्तो छ ? त्यो कोणबाट पनि प्रस्तुतिमा परिवर्तनका विषयहरू समेटिदिनु भएको भए अझ प्रभावकारी हुन्थ्यो।

## पञ्चकाजी श्रेष्ठ
**उपाध्यक्ष, राष्ट्रिय कृषक समूह महासंघ, नेपाल**

सामाजिक संस्थाहरूको बीचमा यस्तो लेखाजोखा कार्यक्रम हुनु धेरै राम्रो विषय हो। राम्रो लाग्यो। साझेदारी सञ्चालित कार्यक्रमहरू र संस्थाको पारदर्शीता सान्दर्भिक लाग्यो। आगामी दिनमा पनि निरन्तर गर्नुहोस्। शुभकामना छ।

## राजेन्द्र प्याकुरेल
**कार्यकारी निर्देशक,**
**राष्ट्रिय गाउँपालिका महासंघ, नेपाल**

यो एउटा उदाहरणीय काम हो। भूमिसम्बन्धी धेरै उपलब्धिमूलक कामहरू भएको छ र केही नमुना कामहरू पनि भएका रहेछन्। समुदाय, गरिब र सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा राम्रो काम गर्नु भएको छ। यी विषय मानिसहरूका प्रत्यक्ष सरोकार राख्ने विषय हुन्। आत्मनिर्भर केन्द्रले गैसस क्षेत्रमा भूमिसम्बन्धी काम गर्न विज्ञता हासिल गरेको छ। यो अझै अघि बढी निरन्तर गर्नुपर्ने काम भएको हुँदा म निरन्तरताको कामना पनि गर्दछु।

संस्थामार्फत नीति, बहस र पैरवीको कामहरू राम्रो भएको पाएका छौं। कतिपय नमुना र राम्रा कामहरू छन्, जुन अन्यत्र पनि अनुशरण (रेप्लिकेट) गर्नुपर्ने खालका छन्। सङ्घीय प्रदेश र स्थानीय सरकारले भूमिसम्बन्धी कामहरू गर्नुपर्ने छ। सङ्घीय अभ्यास भइसक्दा पनि भूमि प्रशासनको अभ्यास स्थानीय तहमा हुन सकिरहेको छैन। स्थानीय तहले यस्ता काम गरी जनतालाई सेवाहरू दिनु जरुरी छ। आत्मनिर्भर केन्द्रले आफ्नो लामो अनुभव र सिकाइहरू अब धेरै स्थानीय तहमा पुऱ्याउन जरुरी छ र उनीहरूसँग सहकार्य आवश्यक देख्छु।





# अतिथि मन्तव्य

## सरिता कार्की

**विज्ञ, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**



यो संस्थाको मैले जेण्डर अडिट गर्ने मौका पाएको थिएँ। लैङ्गिक उत्तरदायित्वमा यो संस्था प्रतिबद्ध पाएँ। र राम्रो अभ्यास भइरहेको छ। संस्थाले प्राप्त स्रोतहरू लैङ्गिक हिसाबमा विपन्न वर्ग र सीमान्त वर्गमा जाने गरी काम गर्नु भएको छ। मधेशी, दलित, सीमान्त समुदायलाई संस्थामा काम गर्ने अवसर दिएर मूलप्रवाह ल्याउन पहल लिइरहेको छ। संस्थामा काम गर्ने लैङ्गिक मैत्री वातावरण पनि रहेछ।

चुनौतीहरू पनि छन् तर त्यस्ता चुनौतीलाई न्यूनीकरण गर्दै अघि बढ्ने र लैङ्गिकतालाई मूलप्रवाहीकरणमा अझ बढी जोड दिनुपर्छ। यस विषयमा कर्मचारीहरूमा क्षमता विकासमा अझ बढी ध्यान दिनुपर्छ, ताकि अझ राम्रो गर्न सकियोस्।

जेण्डर अडिटपछि पुनः थप काम गर्ने, निरन्तरता दिने गरी योजना पनि बनेको छ। यसले संस्थालाई लैङ्गिकताको सवालमा अझ बढी जिम्मेवार बनाउँछ भन्ने लागेको छ।

## राजाराम छतकुली

**कार्यक्रम संयोजक, यूएन-ह्याबिटाट**



म आफू विगत चार वर्षदेखि यस संस्थासँग जोडिएर भूमिसँग सम्बन्धित रहेर काम गरिरहेको छु। आज म, सम्पूर्ण साझेदार संस्थाहरूको तर्फबाट भनाइ राख्दैछु। सामाजिक लेखाजोखा कार्यक्रममा सम्पूर्ण साझेदारहरूको तर्फबाट शुभकामना व्यक्त गर्दछु।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले भूमि सवालमा केन्द्रित रही काम गरिरहेको छ। भूमि अधिकार मानव अधिकारको सवाल हो। अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको कुरा गर्ने हो भने भूमि अधिकार मानवको आर्थिक, सामाजिक र राजनीतिक अधिकारभित्र पर्दछ। र, भूमि मानिसको प्रत्यक्ष जीविका र सुरक्षासँग जोडिएको विषय हो।

नेपालमा मानव अधिकारको पक्षबाट हेर्दा भूमिका जटिल मुद्दाहरू छन्। भूमिमा आश्रित दलित, भूमिहीन, अव्यवस्थित बसोबासी समस्या जटिल खालका छन्। विघटित भूमिसम्बन्धी समस्या समाधान आयोगको तथ्याङ्क हेर्ने हो भने पनि १५ लाखभन्दा बढी परिवारहरू भूमिहीनताको समस्या भोगिरहेका छन्।

यी मानिसहरू भूमिमा आश्रित छन् तर स्वामित्व छैन। अरुको जमिन जोतिरहेका छन्। तर स्वामित्व छैन। आधा हेक्टरभन्दा कम जमिन भई जीविकोपार्जन गर्न नसक्नेहरू धेरै छन्। उनीहरूको जीविकोपार्जनमा समस्या धेरै छ। गरिबीमा बाँचिरहेका छन्। उनीहरूको घरबास सुरक्षित छैन।

# अतिथि मन्तव्य

सहरी गरिबको समस्या उस्तै छ। हामीले अध्ययन गरेका थियौं, ६० प्रतिशत मानिससँग औषधि खानेसम्म पैसा छैन। भूमिको सवाल गरिब र भोकमरी, महिलाको स्वामित्वसँग जोडिएको छ। घरबाससँग जोडिएको छ। यो समस्या यथाशक्य समाधान हुन जरुरी छ।

आत्मनिर्भर केन्द्रले भूमिहीनको पक्षमा राम्रो काम गरिरहेको छ। एउटै सवालमा लामो समयदेखि लागि परेको संस्थाको रुपमा परिचित छ। सरकारका सबै निकायहरूसँग मिलेर यो संस्थाले काम गरिरहेको छ। अनुभव राम्रो संगालेको छ।

यसले अन्तर्राष्ट्रिय मञ्चहरूमा राम्रो छवी बनाएको छ। नेपालको भूमि सुधारको लागि पहल लिइरहेको छ। र, यस अवधिसम्म आइपुग्दा धेरै उपलब्धिहरू पनि भएका छन्। गरिबीको पक्षमा सबैसँग समन्वय गरेर अघि बढिरहेको छ। संस्था अझै सशक्त भएर अघि बढ्न जरुरी छ। उपलब्धि अझै धेरै ल्याउनुपर्ने छ। हामीहरूको सहकार्य सदैव रहनेछ।

## डा. डम्बर चेम्जोङ

**विभागीय प्रमुख, मानवशास्त्र संकाय, त्रिभुवन विश्वविद्यालय**



भूमि सवाल र भूमि अधिकारको पक्षमा काम गर्नु भएको छ, यो महत्वपूर्ण सवाल हो। भूमि अधिकारको पक्षमा के कसरी काम गर्ने भन्ने पक्ष पनि महत्वपूर्ण छ। लामो समयदेखिको अनुभव छ, त्यही भएर सरकारसँग समन्वय र सहकार्य पनि गरेर काम गर्नु भएको छ, जुन राम्रो पक्ष हो। यहाँहरूको कामको मूल्याङ्कन गर्दै सरकारले विभिन्न अवसरहरू पनि दिइरहेको देखेका छौं।

धर्ती माता जसले हामीलाई आश्रय दिएर जीवन बाँच्ने अवसर दिएको छ। त्यसैमा हामी मानव समुदाय बाँचिरहेका छौं।

मचाहिँ भूमिको मालिक हुँ भन्न मानिसहरूलाई अप्ठ्यारो छैन। आजको नवउदारवाद, बजारीकरण केन्द्रित पुँजीवादी व्यवस्थाको कारण पनि भूमिमा स्वामित्व बढ्दै गएको हो भन्ने लाग्छ। हामीलाई अरु विषयमा मतलव छैन। यो विपरितार्थ हो। विरोधाभाषमय छ। यस्तो परिवेशमा हामी भूमि अधिकारको कुरा गरिरहेका छौं।

कसैलाई भूमि दिनु पर्‍यो भने हामीसँग दर्जनौं कानुनहरू छन्। हाम्रा पहिलेका पुर्खाले लालपुर्जा लिएर जन्मिएको होइन। हामी कोही पनि पुर्जा दिएर जन्मिएका होइनौं। तर, अहिले भूमिमा स्वामित्वको कुरा खोजिरहेका छौं। मेरो आफ्नो पनि २/४ रोपनी जग्गा छ। मेरो पुर्खाले त्यो किनेको जग्गा होइन। पुर्खाले त्यो जग्गा सामाजिक हैसियतबापत पाउनु भएको हो। आजका सबै मानिसहरूले लालपुर्जा र भूमि पाउँदा के हुन्छ ? यो विषयमा बहस र छलफल हुन जरुरी छ। वैचारिक पक्ष, विचारणीय पक्ष महत्वपूर्ण छ।

भूमिहीनहरूलाई भूमि अधिकार सम्पन्न गराउँछौं। उत्पादन गर्न सिकाउँछौं। भूउपयोग पद्धति सिकाउँछौं। भूमिहीनको पक्षमा काम गर्छौं भनेर यो संस्था पनि अघि बढेको छ। यसमा विचारको पनि महत्वपूर्ण पक्ष रहन्छ।

यो संस्थाले उठाएको अभियान र पहलबाट हजारौं भूमिहीनले लालपुर्जा र स्वामित्व पनि पाउन सफल भएको छ। जुन राम्रो पक्ष हो।



वैचारिक रुपमा सरकार र दल नफेरुन्जेल यो समस्या समाधान होला जस्तो लाग्दैन । गाह्रो छ । राज्य भन्ने नाममा, सत्तासीन र उनीहरूको आसेपासेको पक्षपोषण गर्नेमात्र काम भइरहेको छ । यिनीहरू भूमिसुधार गर्ने पक्षमा छन्, जस्तो लाग्दैन ।

राज्य भनेको सत्तासीनहरूले निर्माण गर्ने रहेछ र उनीहरूले बनाउने नियम र कानुनहरूको उनीहरूको बचाउ र पक्षपोषण गर्ने खालको हुने रहेछ ।

भूमिसम्बन्धी समस्या समाधान आयोग बन्यो, खारेज भयो । त्यतिबेला त्यो प्रतिबद्ध र काम गर्ने खालको थियो र देखिन्थ्यो । तर, खै त त्यो काम भएको छ । सरकारको नीति तथा कार्यक्रमहरूमा त्यस्तो योजनाहरू देखिएन । गएको ६० वर्षसम्म भूमि समस्याको समाधान गरेजस्तो गर्ने तर अहिलेसम्म केही नगर्ने देखिएको छ । यो विडम्बना हो ।

भूमिसुधार गर्नका लागि नेपाललाई के कुराले रोकेको छ ? नेपालमा कर्मचारी संयन्त्रलाई स्थायी सरकार भन्छौं । कर्मचारीतन्त्र विवेकशील हुन बाँकी छ । हरेक काममा कर्मचारीहरूले उल्झन गर्ने र काम नगरिदिने समस्या छ ।

यो संस्थाले लामो सङ्घर्ष गरिरहेको छ । हामी अध्ययन, अध्यापन र सामाजिक विचारको लागि लागिपरेका छौं । सामाजिक विज्ञानमा हामी अनुसन्धान गरिरहेको छ । हामीले यस संस्थासँग मिलेर खोज अध्ययन गरिरहेका छौं । भूमिसम्बन्धी समस्याबारे बुझ्ने र विद्यार्थीलाई पढाउने अभियानमा सहकार्य छ ।

समग्र राज्य, नेपाली प्राज्ञिक, राजनीतिज्ञले अध्ययन अनुसन्धानले दिने कुरामा विश्वास गर्ने परिपाटी छैन । समुदायको ज्ञान ल्याउन सकिएको छैन । अहिले पनि पुरानै कुरा पढाएर बस्नु परेको छ । नयाँ ज्ञान छैन । उहिलेकै कुरा पढाएर हुन्छ त ? नयाँ ज्ञान ल्याएर विद्यार्थीमा पढाउन सकियो भने पो विद्यार्थीले नयाँ ज्ञान पाउन सक्छन् । यसमा न राज्यको ध्यान गएको छ नत विश्वविद्यालयको नै गएको छ । आत्मनिर्भर सेवा केन्द्रलाई अप्ठ्यारोसँग जुध्ने शक्ति मिलोस्, शुभकामना व्यक्त गर्दछु ।

## पुनम कुइँकेल

### जनमुखी शिक्षाकर्मी एवं अध्येता



मैले आत्मनिर्भर सेवा केन्द्रबाट धेरै सिक्ने मौका पाएको छु । अहिलेको नयाँ रणनीति निर्माणको क्रममा संस्थासँग अझ बढी नजिक रहेर काम गर्ने अवसर पाएँ । संस्थाको रणनीति बनाउने क्रममा फिल्ड भ्रमणहरूमा सहभागी हुने मौका पाएको थिएँ । रसुवाको किसानहरूको पीडा सुन्ने र अनुभूत गरेको थिएँ । त्यहाँको बिर्ताको समस्या जटिल छ । किसानहरूले दुःख पाइरहेका छन् । उनीहरूको समस्या समाधान हुनुपर्छ ।

म पेशाले शिक्षक हुँ । शिक्षामा भूमि र कृषिको महत्वको विषय पढाउन जरुरी देखेको छु । सानैदेखि बालबालिकाले यस्तो समस्याको विषयमा थाहा पाउनुपर्छ ।

भूमि अधिकार मञ्चहरूबीच संवाद चलिरहेको छ । जसको सवाल उसकै अगुवाइमा यो अभियान चलिहरको छ । मुक्तिदायी शिक्षा आवश्यक छ । मुक्ति भन्ने वित्तिकै

# अतिथि मन्तव्य

पीडितको मात्र होइन, पीडकको मुक्ति पनि भन्ने कुरा बुझ्नुपर्छ। सबैसँग सहकार्य र समन्वय गर्दै अघि बढ्नुपर्छ।

जीवनउपयोगी शिक्षाको पैरवी गर्ने भएको हुँदा मैले आफ्ना विद्यार्थीलाई भूमि र यससँग सम्बन्धित समस्याको विषयमा पनि जानकारी गराउँदै आएको छु। र, आगामी दिनमा पनि यसलाई निरन्तरता दिने कुरामा प्रतिबद्धता व्यक्त गर्दछु

## सृजना तामाङ

### उपाध्यक्ष, जुगल गाउँपालिका, सिन्धुपाल्चोक



आत्मनिर्भर सेवा केन्द्रको १४ औं वार्षिक लेखाजोखा कार्यक्रममा सहभागी हुने अवसर पाएकोमा खुसी छु। जुगल गाउँपालिकाले पनि संस्थासँग सहकार्य गरिरहेको छ। संस्थाले धेरै महत्वपूर्ण कार्यक्रमहरू गर्दै आइरहेको छ।

देश सङ्घीयतामा गएको छ, अहिले पनि भूमिहीन, गरिब, दलितको समस्या उस्तै छ। धेरै पीडाहरू छन्। समस्याहरू पूर्णरुपमा समाधान हुन सकेका छैनन्।

यो धर्तीमा मानिसहरू अस्थायी रुपमा आएका छन्। जमिन त स्थायी हो। तर, जमिन प्राप्तिको लडाइँ लामो छ। जग्गाको स्वामित्व भूमिहीन र किसानहरूसँग नहुनु एउटा जीवन सङ्घर्ष र मुख्य चुनौती पनि हो। चुनौती थपिँदै गएको छ। बाढी पहिरोले जमिन सकिँदै गएको छ।

जमिन जन्मजात नै कसैको नाममा दर्ता भएर आएको हुँदैन। जमिन पुरुषको नाममा बढी छ। यो परम्परादेखि नै चलिरहेको छ। महिलाको नाममा जमिन नहुने समस्या छ।

संयुक्त लालपुर्जाको लागि यो संस्थाले अभियान चलाउँदै आएको छ। हामीले पनि यो अभियान अघि बढाएका छौं।

आत्मनिर्भर केन्द्रले विभिन्न स्थानीय निकायसँग समन्वय गरिरहेको छ। विभिन्न नीतिहरू बनाउन पनि सहयोग गरेको छ। स्थानीय सरकारलाई भूमिको विषय नयाँ लाग्छ। भर्खर भर्खर नयाँ भएको कारण पनि त्यस्तो भएको हुन सक्छ।

जग्गा व्यवस्थापनको चरणमा छौं। स्थानीय सरकारले गरेन भन्ने कुनै कारण छैन। हामीले पूर्ण अधिकार पनि पाएका छैनौं। हामीसँग पनि धेरै चुनौतीहरु छन्। आत्मनिर्भर केन्द्रसँग सहकार्य गरेर हामी भूमिसम्बन्धी विषयमा काम गर्न पहल लिन्छौं। यो कार्यक्रमले सकारात्मक संस्कारको विकास गरेको छ। यो धेरै राम्रो छ र यसबाट हामी स्थानीय सरकारहरूले पनि सिकाइ लिनुपर्छ।

## टासी लामा

### अध्यक्ष, पाँचपोखरी थाङपाल गाउँपालिका, सिन्धुपाल्चोक



पहिलो चोटि संस्थाको सामाजिक लेखाजोखा कार्यक्रममा सहभागी हुने अवसर पाएँ। यो कार्यक्रम ज्यादै राम्रो लाग्यो। आगामी दिनमा पनि यसले निरन्तरता पाओस्। संस्थाले भूमिको मुद्दामा लामो समयदेखि काम गरिरहेको छ। त्यसले निरन्तरता पाउनुपर्छ।



मुलुक सङ्घीयतामा गएको छ। हामी स्थानीय तहको नेतृत्वमा छौं। यो पहिलो पटकको अभ्यास भएको कारण पनि चुनौतीहरू धेरै छन्।

सिन्धुपाल्चोक हरेक हिसाबले समस्यामा पर्दै आएको छ। २०७२ मा भूकम्पले प्रभावित गर्‍यो। अप्ठ्यारो अवस्था थियो।

फेरि कोभिडको महामारी आयो। यो अर्को विपत्ति हो। मेलम्चीमा बाढी आयो। समस्यै समस्या छ। हामीहरू यस्ता समस्याहरूको सामाना गर्दै अघि बढ्नुपर्ने बाध्यतामा छौं। हामीलाई यस्तो समस्या र चुनौतीहरूमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सहयोग गर्दै आएको छ। यो संस्थाबाट धेरै सहयोग पाएका छौं।

आगामी दिनमा पनि हामी निरन्तर सहयोग र सहकार्यको अपेक्षा राख्दछौं। संस्थासँग भएको स्रोत र विज्ञतालाई प्रयोग गरी पालिकामा थप काम गर्न चाहन्छौं।

## जनकराज जोशी

**सहसचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**



आत्मनिर्भर केन्द्रसँग हाम्रो लामो सहकार्य छ। नीति निर्माण, ज्ञान निर्माण, असल अभ्सायको कार्यहरूमा हामी सहकार्य गर्दै आइरहेका छौं। संस्थाले उपलब्धिमूलक कामहरू गर्दै आइरहेको छ। यसले मन्त्रालयलाई पनि ठूलो सहयोग पुगिरहेको छ।

संस्थाले समुदाय तहमा गरेको कामबाट भूमिहीनको लागि जीविकोपार्जनमा सहयोग पुगेको हामीले महसुस गरेका छौं। समुदाय र स्थानीय तहमा पनि यो संस्थाले राम्रो छवि बनाउँदै अघि बढेको छ। जुन ज्यादै राम्रो कुरा हो।

हामी मन्त्रालयको तर्फबाट पनि संस्थाको समुदायप्रतिको योगदानको कदर गर्छौं। आगामी दिनमा यस्तै सहयोग र सहकार्य गर्दै अघि बढ्नेछौं। सामाजिक लेखाजोखा कार्यक्रम सफलताको शुभकामना व्यक्त गर्दछु।

## जीताराम लामा

**अध्यक्ष, गैरसरकारी संस्था महासंघ, नेपाल**



सामुदायिक आत्मनिर्भर सेवा केन्द्र चौधौं वार्षिक सामाजिक लेखाजोखा गर्ने अवस्थासम्म निरन्तर पुग्नु हामी सबैको लागि खुसीको कुरा हो। सामाजिक संस्था, यसरी पारदर्शी ढंगले अघि बढ्नु एउटा असल उदाहरण हो। यो संस्थाबाट अन्य सामाजिक संघ संस्थाहरूले पनि धेरै सिकाइ लिनु जरुरी छ।

सामुदायिक आत्मनिर्भर केन्द्र भूमिहीनहरूको पक्षमा अभियान गर्ने र स्थानीयदेखि सङ्घीय तहसम्म नीति निर्माण र त्यसको कार्यान्वयन गर्ने गराउने काममा लामो समयदेखि लागेको छ। यसले धेरै गरिब परिवारको जीविकामा परिवर्तन आएको छ। जुन ज्यादै राम्रो पक्ष हो। साथै संस्थाले भूमि मुद्दामा विज्ञता पनि हासिल गर्दै अघि बढेको छ। राज्यले पनि यो संस्थाको कामको कदर गरेको छ। मैले त नेपाली संस्थाहरूलाई भन्ने गरेको छु, आत्मनिर्भर केन्द्रबाट सिकाइ लिनुहोस्।

# अतिथि मन्तव्य

## लिली थापा

**माननीय सदस्य, राष्ट्रिय मानव अधिकार आयोग**



सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका सबै टिमलाई यत्ति राम्रो कार्यक्रम गर्नु भएकोमा धेरै धन्यवाद दिन चाहन्छु। यो सिकाइ गैससलाई मात्र होइन, यो नेपाल सरकारका सबै निकायमा पनि हुन जरुरी छ। नेपाल सरकारका निकायहरूले पनि यसरी नै लेखाजोखा गरिदिने हो भने त्यसले धेरै प्रभावकारिता पाउने थियो।

म आफू पनि २० वर्षदेखि सामाजिक अभियानमा छु। यो संस्था २७ वर्षदेखि निरन्तर छ। यो ज्यादै महत्वपूर्ण कुरा हो। यस संस्थाले परियोजनामुखी भन्दा पनि अभियानमुखी काम गर्दै अघि बढेको छ, त्यही भएर पनि यो संस्था सफल हुँदै गएको छ। नेपालमा अभियानमुखी संस्था नै सफल भएका छन्।

यस संस्थाबाट नै सिकेर हामी एकल महिलालाई बाँझो र खाली रहेको जमिनमा खेती गरी आर्थिक उपार्जन गराउने अभियानमै लाग्यौं। २०० रोपनीभन्दा बढी ऐलानी जमिनहरू एकल महिला सङ्गठित भई खेती गरिरहेका छन्। यसले उनीहरूको जीविकोपार्जनमा निकै सहयोग पुगेको छ।

जबसम्म हातमा आयआर्जन हुन सक्दैन। सशक्तीकरण हुन सक्दैन। मैले पनि सशक्तीकरण आत्मनिर्भर केन्द्रबाट सिकेको हुँ।

महिलाको भूमिमा पहुँच र स्वामित्व हुन सक्यो भने उनीहरूको जीविकोपार्जनमा मद्दत पुग्नुको साथै आत्मसम्मान बढ्ने रहेछ, हामी त्यही अभ्यास गराउँदैछौं।

भूमिको महत्व सबैमा छ। त्यसैले भूमि अधिकारलाई महिला र मानव अधिकारसँग जोड्नुपर्छ। भूमि अधिकार पनि मानव अधिकार हो भन्ने कुरा सबैलाई विश्वास लाग्दैन। बुझ्दैनन्। अब त्यो अभियान अघि बढाउनुपर्छ। सबैलाई बुझाउनुपर्छ।

एकपटक माझी समुदायहरू मानव अधिकार आयोग घेराउ गर्न आउनु भयो। ठूलो आयोजनाको नाममा उनीहरूलाई उठिबास गराउन खोजिएछ। उनीहरूले आफ्नो अधिकारको खोजी गर्दै आयोगमा आउनु भएको थियो। अहिले बनिरहेको ठूला आयोजनाले भूमिहीन बढाउँदै लगेको छ। यो विषयमा पनि ध्यान दिनुपर्छ। यो विषय जटिल बन्दै गइरहेको छ।

भूमि अधिकारलाई पनि मानव अधिकारको महासन्धिमा राख्नुपर्छ। राष्ट्रिय मानव अधिकार आयोगमा पनि यो विषयमा छलफल गरिरहेका छौं। भूमि अधिकार मानव अधिकार हुनुपर्छ भन्ने विषय महत्वपूर्ण छ। मानव अधिकार आयोगको तर्फबाट यो अभियानलाई समर्थन छ र हामीले गर्नुपर्ने र बोल्नुपर्ने ठाउँमा हामी बोल्छौं। र कोही पनि मानिस भूमिहीन भएर बाँच्नु नपरोस् भन्ने कामना छ



# धन्यवाद मन्तव्य


## गोपाल थापा मगर
अध्यक्ष, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र


आजको यस १४ औं सामाजिक लेखाजोखा कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय मानव अधिकार आयोगका सदस्य एवं महिला आन्दोलनकी अगुवा माननीय लिली थापाज्यू, विशेष अतिथि, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहसचिव, जनकराज जोशीज्यू, सम्पूर्ण अतिथि, सहयोगी संस्थाका प्रमुख एवं प्रतिनिधि, उपस्थित सम्पूर्ण महानुभाव एवं सञ्चारकर्मी मित्रहरू।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहजीकरण तथा पहलकदमीमा गत आ.व.२०७७/२०७८ भित्र भए गरेका काम र प्रगति, आर्थिक स्थिति आदिबारे संस्थाको तर्फबाट गरिएका प्रस्तुतिले संस्थाले हाँसिल गरेका उपलब्धि, आर्थिक स्रोत परिचालन र अबको योजनाबारे यहाँहरू सबैजना अवगत हुनु भएको मैले विश्वास लिएको छु।

'समतामूलक समृद्धिका लागि भूमि सुधार' भन्ने मूल नारासाथ सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सन् २०२० देखि २०२५ सम्मको स्पष्ट रणनीतिक मार्गीचित्रमा क्रमशः भूमि-कृषि आन्दोलनको समग्र सुदृढीकरण, भूमि-कृषि सवालमा ज्ञान निर्माण, भूमि-कृषि सम्बन्धी नीतिगत बहस, दिगो कृषि, कृषि सहकारी र सुरक्षित जीविका, भूमि-कृषि सवालको विश्वव्यापी आन्दोलन र सञ्चालनमा योगदानका मूल खम्बाहरू हुन्। आगामी पाँच वर्षसम्मका लागि यिनै आधारको सेरोफेरोमा रही भूमिहीन, जोताहा र साना कृषकहरूको गुणस्तरीय जीविकोपार्जन र सम्मानित जीवनयापनका लागि संस्था परिवार प्रतिबद्ध रहनेछ भन्ने विश्वास दिलाउन चाहान्छु।

यहाँहरू सबैलाई अवगत भएकै कुरा हो कि २०७२ सालमा गएको भूकम्पले तहस नहस पारेर उठ्न नसकिरहेको नेपाली समाज विशेष गरी भूमि-कृषकहरूको आर्थिक सामाजिक स्थितिलाई पुनः २०७७ साल देखि सुरु भई हालसम्म विद्यमान कोरोना संक्रमणले देशको आर्थिक तथा सामाजिक स्थितिलाई थिलथिलो पारिरहेको छ। यसमा भूमिहीन, सुकुम्बासी, मुक्त हलिया, कमैया, कमलरी, हरुवा चरुवाको जीवन झनै कष्टकर बन्दै गएको छ।

भूमिहीन र साना किसानको  सपनालाई साकार रुप दिन र मर्यादित जीवनयापनका लागि संस्था विगतका दिनहरूमा झैं पारदर्शिता, सुशासन अनि जवाफदेहितालाई विधि र प्रक्रियाका आधारमा उच्च उचाइमा पुऱ्याउन प्रतिबद्ध रहेको दोहोऱ्याउन चाहान्छु।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले राष्ट्रिय भूमि अधिकार मञ्चलाई आवश्यक सहयोग तथा प्राविधिक सहयोग गर्दै आएको र कार्यगत एकता पनि गरिरहेको छ। यसका साथै भूमि-कृषकहरूको जीवनस्तर उठाउन सरकारी एवं गैरसरकारी निकायसँग पनि सहकार्य गरिरहेको छ।

कृषि क्षेत्रले आर्थिक, सामाजिक, वातावरणीय, सांस्कृतिक पक्षका साथै सार्वभौमिकता र खाद्य

# धन्यवाद मन्तव्य

सम्प्रभुताको जगलाई दह्रो बनाउन पनि उत्तिकै अर्थ राख्दछ। जलवायु परिवर्तनका कारणले नेपाल पनि अछुतो छैन। पानीका मूलहरू सुकिरहेका छन् भने उष्णता बढिरहेको छ। यसर्थ किसानलाई सबल, सक्षम र सशक्त बनाएर पर्यावरणमैत्री कृषिलाई मूल प्रवाहमा ल्याउनुपर्ने आवश्यकता देखिन्छ। रणनीतिक हिसाबले पालिका तहमा खाद्य सम्प्रभुताको रणनीति बनाउन आवश्यक पहल गर्न'पर्ने टड्कारो आवश्यकता देखिन्छ। विशेषत भूउपयोग ऐन, खाद्य अधिकार ऐन र भूमिसम्बन्धी आठौं संशोधनको कार्यान्वयनमा बल लगाउनु हामी सबैको दायित्व हुनुपर्दछ।

किसानहरूको जीवनमा आत्मसन्तुष्टि र विपन्न किसानहरूको न्यूनतम आधारभूत आवश्यकता परिपूर्तिका लागि सामुदायिक आत्मनिर्भर केन्द्रसँग सहकार्य गरी आर्थिक तथा प्राविधिक सहयोग गर्नुहुने सरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी निकायहरूलाई धन्यवाद दिन चाहान्छु। आगामी दिनहरूमा पनि यहाँहरूसँगको सहकार्य निरन्तरता हुने नै छ भन्ने पूर्ण आशा राख्दछु।

१४ औं सामाजिक लेखाजोखामा यहाँहरूले उठाउनु भएका सवाल एवं सुझावहरू हाम्रा लागि ग्रहणयोग्य र कार्यान्वयन गर्न आवश्यक देख्दछु। हामी संस्थाको विभिन्न तहमा आन्तरिक छलफल गरी उपयुक्त सुझावहरूलाई कार्यान्वयन गरिने कुरा आश्वस्त पार्न चाहन्छु।

यस लेखाजोखा कार्यक्रममा उपस्थित हुनु भई महत्वपूर्ण सुझाव, सल्लाह एवं शुभकामना व्यक्त गर्नु हुने प्रमुख अतिथि एवं अतिथिज्यूहरूलगायत सम्पूर्ण उपस्थित महानुभावप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।



लेखाजोखाका सहभागीहरू



# सहभागीबाट प्राप्त मुख्य सुझावहरू

- सामाजिक लेखाजोखा कार्यक्रम लक्षित वर्ग बसोबास गर्ने स्थान, समुदाय तहमा पनि आयोजना गर्न सके अझ प्रभावकारी हुन सक्छ ।
- भूमिहीनको जीवनमा आएका परिवर्तन र उपलब्धिहरु पनि लेखाजोखाको प्रस्तुतिमा समेट्न सके राम्रो हुने थियो । यसले बुझाई अझ बढाउन मद्दत गर्छ ।
- तीन तहको सरकारसँग साझेदारीको प्रयासलाई बढाउनुपर्छ । स्थानीय स्रोत तथा साधानको प्रयोग र परिचालन पनि बढाउनुपर्छ । र संस्थाको सिकाइलाई सबै स्थानीय तहमा विस्तार गर्दै लानुपर्छ ।
- संस्थाले गरेका राम्रा काम र असल प्रयासहरु राम्रा छन्, यसलाई सञ्चार माध्यमार्फत बढी भन्दा बढी बाहिर ल्याउनुपर्छ । यसले आम सचेतीकरणमा सहयोग पुग्छ ।
- समुदायस्तरमा भएका असल अभ्यासहरुलाई घटना अध्ययनको रुपमा प्रस्तुत गर्दा व्यक्तिको अनुभवलाई पनि समेटेर ल्याउदा अझ राम्रो हुने थियो ।
- सामाजिक लेखाजोखा कार्यक्रमहरु तेस्रो पक्षलाई सहभागी गराएर, अध्ययन गर्न लगाई गराउन सके झन बढी प्रभावकारी हुन्छ होला ।
- संस्थाले अन्यत्र राम्रो काम गरेको छ, उपत्यकाभित्रको मोही समस्यामा पनि जोड दिनुपर्छ ।

CSRC

आत्मनिर्भर केन्द्र


सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

भूमिघर, धापासी, काठमाडौं

फोन : ०१-४३६०४८६, ४३५७००५

landrights@csrcnepal.org

www.csrcnepal.org